**अनुसुची – २**

( दफा ४ तथा अनुसुची – १ को भाग – १ सँग सम्बन्धित )

**दुर्गाथली गाउँपालिका**

# दुर्गाथली राजपत्र

दुर्गाथली गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयबाट प्रकाशित

| | | |
|---|---|---|
| खण्ड ख | संख्या ०१ | मिति २०८३।०६।१९ |

**भाग – १**
**दुर्गाथली गाउँपालिका**

## लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि २०८३

# लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि २०८३

**दुर्गाथली गाउँपालिका चौधरी, बझाङ्ग, सुदुरपश्चिम प्रदेश**

**लैङ्गिक हिसा निवारण कोष सञ्चालन कार्यविधि २०८३,**

<u>स्थानीय राजपत्रमा प्रकाशित मिति २०८३/०६/१९</u>

**प्रस्तावनाः**

दुर्गाथली गाउँपालिका क्षेत्र भित्र घटेका लैङ्गिक हिंसा पीडित/प्रभावित व्यक्तिहरुको तत्काल उद्धार, राहत र औषधी उपचार एवम् पुर्नस्थापना कार्यका लागि लैङ्गिक हिंसा निवारण कोष स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले सथानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १५ को दफा १०२ को उपदफा (२) को आधारमा राष्ट्यि लैङ्गिक हिसा निवारण कोष (सञ्चालन) नियमावली २०६७ लाइ टेकेर दुर्गाथली गाउँपालिकाले यो कार्यविधि तयार गरेको छ।

दुर्गाथली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौधारी,बझाङ सुदुरपश्चिम प्रदेश,नेपाल

**परिच्छेद १.**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यी कार्यविधिको नाम "लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुने छ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "**कार्यालय**" भन्नाले दुर्गाथली गाउँपालिकाको कार्यालय सम्झनु पर्छ।

(ख) **"कोष"** भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ।

(ग) **"पीडित"** भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ।

(घ) "**लैङ्गिक हिंसा**" भन्नाले निजि तथा सार्बजनिक स्थलमा हुने यौनजन्य दुव्र्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिकताको आधारमा हुने हिंसा सम्झनु पर्छ।

(ङ) "सञ्चालक समिति" भन्नाले नियम ७ बमोजिमको कोष सञ्चालक समिति सम्झनु पर्छ।

**परिच्छेद २**

**कोषको स्थापना, उपयोग, सञ्चालन तथा व्यवस्थापन**

**३. कोषको स्थापनाः**

(१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ।

**(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्:**

(क) दुर्गाथली गाउँपालिकाको गाउँ सभाबाट प्राप्त रकम,

(ख) संघ र प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(घ) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपनियम (१) बमोजिमको रकम बैंकमा छुट्टै खाता खोली जम्मा गरिनेछ।

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

**४. कोषमा रकम जम्मा गर्नेः** हिंसा प्रभावितको हक हित र संरक्षणका लागि दुर्गाथली गाउँपालिकाले तोके बमोजिमको प्रतिशत बराबरको रकममा नघटाई कोषमा जम्मा गर्नु पर्नेछ ।

**५. कोषको उपयोगः**

(१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछः–

(क) तत्काल उद्धार गर्न,

(ख) औषधि उपचार गर्न,

(ख) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलव्ध गराउने,

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

(घ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजी (सिड मनि) को रुपमा प्रदान गर्न,

(ङ) पुनर्स्थापना गराउन,

(च) पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित महिला, पुरुष, लैगिक तथा यौनिक अल्पसंख्या, बालबालिका तथा किशोर किशोरीहरु, लैङ्गिक हिंसाबाट प्रभावित भई सहयोगको आबश्यकता भएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिनेः**

(१) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

**७. संञ्चालक समितिको गठनः**

(१) कोषको संचालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक कोष सञ्चालक समिति रहनेछ ।

**(२) सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछः**

क) गाउँपालिकाको अध्यक्ष संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत सदस्य

(ग) स्थानिय प्रहरी चौकीको प्रमुख सदस्य

(घ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरु मध्येबाट सञ्चालक समितिले तोकेको संस्थाको प्रतिनिधि १ जना सदस्य

(ङ) महिला बालबालिका शाखा हेर्ने कर्मचारी सदस्य सचिव

(३) नियम (२) को खण्ड (च) बमोजिमको सदस्यको पदावधि ३ बर्षको हुनेछ।

(४) सञ्चालक समितिको सचिवालय गाउँपालिकामा रहनेछ।

**८. सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः**

सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) लैङ्गिक हिंसा निवारणको सम्वन्धमा गाउँपालिकाबाट स्विकृति नीति, योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने,

(ख) पीडित तथा प्रभावितको तत्काल उद्धार, राहत र पुनर्स्थापनाको लागि राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने।

(ग) गाउँपालिकाका भित्र घटेका लैङ्गिक हिंसा सम्वन्धी घटनाको अभिलेख अद्यावधिक गर्ने।

(घ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय तथा संघ संस्थासँग समन्वय गर्ने।

(ङ) स्वरोजगार र सीपमुलक तालिम प्राप्त पीडित/प्रभावितलाई बिउ पुँजी प्रदान गर्ने सम्बन्धमा मापदण्ड बनाइ लागु गर्ने।

(च) कोष वृद्धिको लागि श्रोतको खोजी गर्ने।

(छ) लैङ्गिक हिंसा निवारण सम्वन्धी अन्य काम गर्ने वा गराउने।

**९. सञ्चालक समितिको बैठक र निर्णयः**

(१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) सञ्चालक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) सञ्चालक समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै सञ्चालक समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) सञ्चालक समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) सञ्चालक समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा सञ्चालक समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) सञ्चालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिनेछ ।

(७) सञ्चालक समितिले बैठकमा आवश्यकता अनुसार नेपाल सरकारको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) सञ्चालक समितिको निर्णय सो समितिको सदस्य–सचिवले प्रमाणित गरि राख्नेछ ।

(९) सञ्चालक समितिको बैठक सम्वन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ३

## वित्तिय व्यवस्थापन

**१०. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने हद तथा आधारहरु:**

१) यस नियमावलि बमोजिम पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकम नबढ्ने गरि उपलब्ध गरईनेछ :

क) पीडित/प्रभावितलाई तत्काल उद्धार गर्न, सुरक्षित स्थानमा स्थानान्तरण गर्न वा अस्पतालमा भर्ना गरी औषधि उपचार गराउन आवश्यक भएमा सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने यातायात खर्च उपलब्ध गराइनेछ । साथै, उपचार वा उद्धारका क्रममा खाना खर्च तथा बाहिर बास बस्नुपर्ने अवस्था भएमा बढीमा तीन दिनसम्मको बास खर्च र आवश्यक उपचार खर्च समेत उपलब्ध गराउन सकिनेछ ।

ख) कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्शका लागि पाँच हजार रुपैयाँ नबढ्ने गरि लागेको वास्तविक खर्चको आधारमा खर्च रकम उपलब्ध गराइनेछ ।

ग) पुनर्स्थापनाको लागि कम्तिमा दश हजार रुपैयाँ

दुर्गाथली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौधारी, बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

घ) पीडित/प्रभावितलाई कुनै सीपमुलक तालिम प्राप्त गरि व्यवसाय संचालन गरि बस्तुगत सहयोग वा नगद अनुदान माग गरेमा व्यवसायको प्रकृति र औचित्यताका आधारमा सञ्चालक समितिले तोके बमोजिम अधिकतम तिस हजार उपलब्ध गराउन सक्नेछ ।

ङ्ग) पीडित/प्रभावितलाई अस्पतालमा भर्ना गरि औषधि उपचार गर्नु पर्ने भएमा, अस्पताल आउदा, जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रतिदिन पाँच सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था भएमा बास खर्च बापत प्रतिदिन सात सय रुपैयाँ र उपचार खर्चको यथार्थ खर्च रकम उपलब्ध गराउन सक्नेछ।

च) संचालक समीतिले तोके बमोजिम अन्य कामका लागि प्रकृति हेरेर बढीमा तिस हजार रुपैयाँ सम्म दिन सक्नेछ।

२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा समितिले त्यस्ता पीडितलाई आबश्यकता अनुसार मनासिव रकम थप गरी दिन सक्नेछ ।

**११. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने:**

(१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित/प्रभावित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई अनुसुची (१) वमोजिमको ढाँचामा वडा कार्यालयको सिफारिस सहित महिला तथा बालबालिका शाखामा निवेदन  दिनुपर्नेछ ।

(२) यदि कुनै कारणवस पीडित/प्रभावितले वडा कार्यालयबाट सिफारिस ल्याउन नसक्ने अवस्था रहेमा न्यायिक समितिले राहतको लागि ब्यतिगत निवेदनको आधारमा सहयोगको लागि संचालक समितिलाइ सिफारिस गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपर समितिले जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने मनासिव देखिएमा समितिले दफा १० को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**१२. तत्काल रकम उपलव्ध गराउन सक्ने:**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडित/प्रभावितलाई तत्काल उद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट तिस हजार रुपैयाँमा नबढ्ने गरी मनासिव रकम सम्वन्धित पीडितलाई उपलव्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको अवस्था परी सञ्चालक समितिको संयोजकले पीडित तथा प्रभाविलाई रकम उपलव्ध गराईएकोमा त्यसरी रकम उपलव्ध गराईए पछि वस्ने सञ्चालक समितिको वैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**१३. थप र कम निकासा माग गर्न सक्ने:**

(१) समितिको नाममा निकासा भएको रकम अपर्याप्त भएमा समितिले सो को कारण खुलाई गाउँपालिकासंग थप रकम माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम थप रकम माग भई आएमा गाउँपालिकाले समितिको आवश्यकता र औचित्यता हेरी कोषबाट थप रकम निकासा दिन सक्नेछ ।

(३) लैङ्गिक हिंसा पीडित वा प्रभावितलाई तत्काल उद्धार तथा राहत प्रदान गर्दा कोषमा भएको रकम भन्दा बढी खर्च भएमा मनासिव कारण र प्रमाण खुलाई केन्द्रीय तत्काल उद्धार तथा राहत समितिमा थप खर्च भएको रकम माग गर्न सक्नेछ ।

## परिच्छेद ४

## विविध

**१४. छुट्टै खाता खोल्नु पर्ने:**

(१) गाउँपालिकाले सञ्चालक समितिबाट प्राप्त भएको रकम कार्यालयको नाममा बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको खाताको सञ्चालन कार्यालय प्रमुख र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**१५. कोषको लेखा र लेखा परिक्षण:**

(१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परिक्षकबाट हुनेछ ।

**१६. आवर्ति (रिभल्भीङ) कोष:**

यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहनेछ ।

**१७. प्रतिवेदन पेश गर्ने:**

(१) समितिले प्रत्येक चौमासिक तथा वार्षिक रुपमा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) समितिले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सो समितिबाट अघिल्लो आर्थिक वर्ष भरिमा भए गरेका काम कारवाहीको प्रतिवेदन नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

**१८. बैठक भत्ताः**

समितिका संयोजक वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत गाउँपालिकाले तोकिए वमोजिमको बैठक भत्ता वापत पाउनेछन्।

**१९. निर्देशन दिन सक्नेः**

(१) कार्यपालिकाले सञ्चालक समितिको काम कारवाहीको सम्वन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

**२०. पीडित तथा प्रभावित–केन्द्रित सेवा प्रवाह:**

(१) लैङ्गिक हिंसा निवारणसम्बन्धी सबै निर्णय, सेवा प्रवाह, राहत तथा आर्थिक सहयोग प्रदान गर्ने कार्यहरू पीडितको सुरक्षा, आवश्यकता, इच्छा, सम्मान तथा सर्वोत्तम हितलाई केन्द्रमा राखी गरिनेछ।

(२) पीडित तथा प्रभावितको स्वतन्त्रता र सूचित सहमति बिना कुनै पनि सेवा, निर्णय वा हस्तक्षेप जबर्जस्ती रूपमा लागू गरिने छैन ।

**२१. गोपनीयता तथा सूचना संरक्षण:**

(१) लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावित व्यक्तिको नाम, ठेगाना, व्यक्तिगत विवरण, उजुरी तथा घटना सम्बन्धी सम्पूर्ण सूचना पूर्ण रूपमा गोप्य राखिनेछ ।

(२) पीडित तथा प्रभावित सम्बन्धी कागजी तथा डिजिटल अभिलेखहरू सुरक्षित प्रणालीमार्फत व्यवस्थापन गरिनेछ ।

(३) प्रचलित कानुनले तोकेको अवस्था बाहेक पीडितसम्बन्धी कुनै पनि सूचना सार्वजनिक गरिने छैन।**२२. अन्तर–विभागीय समन्वय**

दुर्गाथली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौधारी, बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

(१) लैङ्गिक हिंसा निवारण तथा पीडितलाई प्रभावकारी सेवा उपलब्ध गराउन न्यायिक समिति, स्वास्थ्य संस्था, प्रहरी, एकद्धार संकट व्यवस्थापन केन्द्र, सामाजिक सेवा प्रदायक, गैरसरकारी संस्था तथा अन्य सरोकारवाला निकायहरूसँग समन्वय गरिनेछ।

(२) उपदफा (१) बमोजिमको समन्वयका लागि आवश्यक कार्यविधि, सहकार्य ढाँचा तथा सूचना आदान-प्रदानको व्यवस्था सञ्चालक समितिले निर्धारण गर्नेछ।

**२३. क्षमता अभिवृद्धि:**

(१) कोषको प्रभावकारी सञ्चालनका लागि सञ्चालक समिति, वडा प्रतिनिधि तथा सम्बन्धित कर्मचारीहरूको क्षमता अभिवृद्धिमा सहजीकरण गरिनेछ।

(२) यसका लागि लैङ्गिक हिंसा निवारण, पीडित तथा प्रभावित–केन्द्रित सेवा, गोपनीयता, घटना व्यवस्थापन तथा अन्तर विभागीय समन्वय सम्बन्धी विषयमा नियमित तालिम, अभिमुखीकरण तथा सिकाइ कार्यक्रम सञ्चालन गरिनेछ।

**२४. आपतकालीन प्रतिकार्य व्यवस्था:**

(१) गम्भीर जोखिममा रहेका लैङ्गिक हिंसाका पीडितहरूको सुरक्षाका लागि आपतकालीन प्रतिकार्य गरिनेछ।

(२) उपदफा (१) बमोजिमको अवस्थामा पीडित तथा प्रभावितलाई तत्काल उद्धार, उपचार, अस्थायी आश्रय, कानुनी सहायता तथा मनोवैज्ञानिक सहयोग उपलब्ध गराइनेछ।

(३) आपतकालीन सेवाको समन्वय र कार्यान्वयन सम्बन्धी विस्तृत कार्यविधि सञ्चालक समितिले निर्धारण गर्नेछ।

**२५. कोषको प्रयोगमा पारदर्शिता**

(१) लैङ्गिक हिंसा निवारण कोषको आम्दानी, खर्च, प्रयोजन तथा लाभार्थीको संख्या सम्बन्धी विवरण पारदर्शी रूपमा व्यवस्थापन तथा सार्वजनिक गरिनेछ।

(२) गाउँपालिकाले कोष सञ्चालन तथा उपयोग सम्बन्धी वार्षिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्नेछ।

(३) कोषसम्बन्धी बैठकका निर्णयहरू औपचारिक रूपमा प्रमाणित गरी कागजी तथा डिजिटल अभिलेखका रूपमा सुरक्षित राखिनेछ।

(४) कोषको उद्देश्य, प्रयोग प्रकृया तथा उपलब्ध सेवा सम्बन्धी जानकारी समुदाय स्तरमा अभिमुखीकरण, जानकारी तथा प्रश्नोत्तर कार्यक्रम मार्फत सार्वजनिक गरिनेछ ।

**२६. उजुरी, सुझाव तथा पृष्ठपोषण प्रणालीः**

(१) पीडित, प्रभावित व्यक्ति वा अन्य सरोकारवालाले सहज, सुरक्षित र पहुँचयोग्य माध्यमबाट उजुरी दर्ता गर्न सक्ने व्यवस्था गरिनेछ ।

(२) प्राप्त उजुरीको दर्ता भएको मितिले पाँच (५) कार्य दिनभित्र प्रारम्भिक जाँच गरिनेछ।

(३) प्रारम्भिक जाँचपछि दश (१०) देखि पन्ध्र (१५) कार्य दिनभित्र आवश्यक समाधानका उपायहरू पहिचान गरी कार्यान्वयन गरिनेछ ।

(४) उजुरीकर्तालाई सेवाको अवस्थाबारे प्रारम्भिक जाँच पश्चात २ दिन भित्र नै जानकारी तथा पृष्ठपोषण उपलब्ध गराइनेछ ।

(५) उजुरी व्यवस्थापन प्रक्रियामा पीडितको गोपनीयता, सुरक्षा र सम्मान अनिवार्य रूपमा सुनिश्चित गरिनेछ ।

**२७. कार्यपालिकाले समय सन्दर्भ र आवश्यकता अनुसार कार्यविधिमा संशोधन तथा थपघट गर्न सक्नेछ ।**



दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

नियम ११ बमोजिम

सहयोग प्राप्तिको लागि पेश गर्ने निबेदनको ढाँचा

अनुसूची -१

श्री संयोजक ज्यू

स्थानिय लैङ्गिक हिसा निवारण कोष सञ्चालन समिति, दुर्गाथली गाउँपालिका

बिषयः सहयोग उपलब्ध गराइ पाउँ।

म................................... मा बस्ने वर्ष .... को ................. मिति ..................... मा लैङ्गिक हिंसाबाट पिडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । उपर लैङ्गिक हिंसा ................................. भएको कारणले मेरो मानसिक/शारीरिक/सामाजिक अवस्था कमजोर भएको हुदा मलाइ औषधी, उपचार/कानुनी सहायता,परामर्श/उद्धार/मनोविमर्श/स्वरोजगार/ पुनर्स्थापना /अन्य ............................... कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानीय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु।

**निवेदकः**

नाम थरः............................

ठेगानाः ............................ .

सम्पर्क नम्बरः ......... .......

हस्ताक्षरः ................. ..........

मितिः ....................

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

आज्ञाले ,

नाम : लाल बहादुर बिष्ट

प्रमुख प्रशासकीय अधिकृत